नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २१ २०७९ साल साउन २५ गते बुधबार (10 Aug 2022 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : अरुले आश्वासन बाँडे, उपेन्द्रले ... ३ पृष्ठमा : अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पको ... ४ पृष्ठमा स्थानीय शासन सम्बन्ध ...

# पोखरीमा डुबेर एक बालकसहित दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

सप्तरीमा पोखरीमा डुबेर एक बालकसहित दुई जनाको ज्यान गएको छ ।

जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं.४ लालापटीस्थित रहेको डिहबार थानको पुर्व पट्टि रहेको पोखरीमा झापा घैलाडुवा गाउँपालिका वडा नं.६ घर भएका दुई वर्षिय दिप पण्डितको पोखरीमा डुबेर मंगलबार मृत्यु भएको हो ।

उनी हजुरबुवा देव नारायण पण्डितको घरमा पहुना आएको बेला खेल्ने क्रममा पोखरीमा चिप्लेर घाईते भएका थिए । उनलाई उपचारका क्रममा गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा भर्ना गरेर इसिजि गर्दा चिकित्सकले मृत्यु घोषण गरेको प्रहरीले जनाएको छ ।

यस्तै सोमबार जिल्लाको विष्णुपुर गाउँपालिका वडा नं. १ र ३ स्थित कट्टि मुसरीमा रहेको सार्वजनिक पोखरीमा वडा नं. ३ बस्ने ३५ वर्षिय लल्कु भन्ने शिव शंकर सदाको डुबेर मृत्यु भएको हो ।

प्रहरीका अनुसार उक्त पोखरीमा रहेको कमलको फुलको फल टिप्न जाने क्रममा डुवर सदाको मृत्यु भएको छ ।

पोखरीमा डुबेको सूचना पाएपछि प्रहरीले उद्धारका लागि जिल्ला प्रहरी कार्यालय सप्तरी, भलुवाई गण राजविराज तथा ६ नं. गण राजविराजबाट गरि ४१ जनाको सुरक्षाकर्मीको टोली परिचालन गरिएको थियो ।

उद्धार कार्यमा खटेका संयुक्त प्रहरी टोलीले मंगलबार ११ बजे पोखरीबाट सदाको शव फेला पारि आवश्यक कानुनी प्रक्रिया पुरा गर्दै पोष्टमार्टम गराएको जनाएको छ ।

यता दुबै घट्ना सम्बन्धमा थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# साइकलबाटै बाबा धामको यात्रा



**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

सप्तरीबाट २२ जनाको टोली साइकलबाटै भारतको झारखण्ड राज्यस्थित प्रसिद्ध मन्दिर देवघर ( बाबा धाम) को धार्मिक यात्राका लागि मंगलबार प्रस्थान गरेका

*बाँकी अन्तिम पृष्ठमा*

## सूचना । सूचना ॥ सूचना ॥।

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

## राजविराज पोलिटेक्निक इन्स्टिच्युट

राजविराज, सप्तरी

आवेदन फारम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग
जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

प्रवेश परीक्षा दिने मिति २०७९ भाद्र ४ गते

कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो भर्ना खुल्यो

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/४/२६
प्रवेश परिक्षा मिति : २०७९/५/६ गते बिहान ८ बजे

## जगदम्बा मेडिकल इन्स्टिच्यूट

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो ॥

**बिगत १४ वर्ष देखी संचालन हुदै आएको**

## ओभरसियरी क्याम्पस

**( CTEVT बाट मान्यता प्राप्त )**

## डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य- गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७९ श्रावण २६ गते सम्म ।

सम्पर्क :

## सफटेक इन्जिनियरिङ्ग कलेज

रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## सम्पादकीय

# इमान्दारलाई मौका दिऔं

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका मिति तय भएसँगै अहिले उम्मेदवार बन्नेहरुको होडबाजी नै चलेको छ । आउँदो मंसिर ४ गते हुने निर्वाचनका लागि विभिन्न पार्टीकातर्फ उम्मेदवार बन्नका लागि अहिले सामाजिक संजालमा होडबाजी नै चेलेको छ । पार्टी भन्दा बढी उम्मेदवार बन्नका लागि आकांक्षी देखिएका छन् । हालै सम्पन्न स्थानिय तहको निर्वाचनमा पराजित भएकाहरु बढी आकांक्षी देखिएका छन् । लामो समयदेखी राजनीति गरिरहेकाहरु भन्दा पनि नवप्रवेशी तथा पहुँचवालाहरुले पार्टीबाट उम्मेदवार बन्ने आकांक्षा व्यक्त गर्दै छन् । जसरी पनि पार्टीबाट टिकट पाउने दाउमा उनीहरु पार्टी भित्रै विभिन्न नेताहरुलाई दबाब समेत सृजना गरिरहेका छन् । जसकारण पार्टीमा रहेर जिवन व्यतित गरेका सरल स्वभाव र पैसा नभएका नेताहरु उनीहरुको चेपुवामा पर्ने अवस्था छ ।

निर्वाचन क्षेत्रमा पकड तथा मतदाताको पहुँचमा रहेका नेताहरुलाई अवमुल्यण गरि अन्यलाई उम्मेदवार बनाउने परिपाटीले जडो गाड्दै गएको अवस्थामा ती सरल स्वभावका नेताहरु पछाडी पर्दैछन् । सरल स्वभाव, जनताको दुःख बुझ्ने, उनीहरुको समस्या समाधान गर्नेतर्फ अग्रसरता देखाउने जस्ता व्यक्तिलाई पछाडी हटाएर उम्मेदवार बनाउनेतर्फ पार्टीले एक पटक सोच्नै पर्ने अवस्था हुन्छ । पार्टीप्रति वफादार र लगनशिल व्यक्तिलाई अवमुल्यण गर्न भनेको उसको राजनीतिक अस्तित्व समाप्त हुनु स्वभाविक हो ।

तसर्थ आगामी निर्वाचनमा स्वच्छ, इमान्दार र जनतामाझ दिनरात खट्ने नेता कार्यकर्ताहरुलाई एक पटक मौका दिनु नै पार्टीको हितमा हुनेमा दुई मत नहोला । अनिमात्र कुनै पनि दलप्रति उसको नेता कार्यकर्ताहरुले इमान्दारीपूर्वक र विश्वासका साथ काम गर्नेछ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अरुले आश्वासन बाँडे, उपेन्द्रले भिजनका साथ काम गरे

विद्यानन्द राम




एक समय यस्तो पनि थियो । सप्तरी जिल्लाबाट डाक्टर, ईन्जिनियर, ओभरसियर पढ्ने सपना साँचेर विद्यार्थीहरु काठमाण्डौ, पोखरा, धरान, बिराटनगर तथा भारतको ठूला सहरहरु पढ्न जान्थे । ती विद्यार्थीका अभिभावकहरु पनि चाहन्थे कि मेरो छोरा डाक्टर बनोस, ईन्जिनियर, ओभरसियर बनोस् । ताकी गाउँमा फलानोको छोरा डाक्टर हो, फलानोको ईन्जिनियर हो, फलानोको छोरा ओभरसियर आदि ईत्यादि । डाक्टर इन्जिनियरका पिता कहलिन गर्व गर्दथे अभिभावकहरु ।

आफ्ना बा-आमाको ईच्छा र आफ्नो सुखद् भविष्यको सपना बुन्दै विद्यार्थीहरु निक्कै दुःख गरेर पढ्ने गर्दथे । बाआमाले खेती किसानी गरेर होस् वा घडेरी जग्गासम्म बेचेर छोराको खर्च जुटाउने गर्दथे । सोर्स पैरबीमा दूताबासहरुबाट डाक्टरी-ईन्जिनियरङ्ग पढ्ने कमैलाई नसीब हुन्थ्यो । त्यस्ता नसिबबालालाई गाउँका मान्छेहरु हेर्न जान्थे ।

म त सानो थिएँ । तै पनि सानैदेखि अन्य बच्चाहरु भन्दा ममा चेतना अलि बढी थियो । कुनै कुरालाई गम्भीरतापूर्वक लिन्थे । गाउँमा दलित भएकै कारण छुवाछुत मान्ने, कथित ठूला जात भनाउँदाहरुले मन्दिर तथा डिहबार थानमा पूजाआ गर्न नदिएको कुराहरुले मलाई घोच्ने गर्दथ्यो । म पनि ईन्जिनियर बन्न चाहन्थे तर मेरो सपना पुरा हुन सकेन । मेरा बाआमाले बाहिर राखेर पढाई खर्च धान्न सक्ने अवस्था थिएन । धनी एवम् जमिन्दारका छोराहरु पढ्नका लागि देश तथा विदेशमा पढ्न गएको देख्थेँ ।

पढ्नका लागि सहर पसेका छोरोको खर्चमा राहत होस् भन्ने उद्देश्यले टाउँकामा चामल, आलु, प्याज ईत्यादिको भारी बोकेर बस स्टेनसम्म पुर्याउँथे । राजमाार्गमा आउने बस चढेर सहरमा पढ्दै गरेका छोरासम्म पुर्याउने गर्दथे । गाउँ देहातबाट सहर पस्ने पितालाई त बसबाट ओर्लेदेखि नै थरीथरीका दुर्व्यवहार एवम् अपमान सहनु सामान्य थियो ।

पहाडी बाहुल्य ठूला सहरमा मधेशी विद्यार्थीहरुलाई अध्ययन गर्नु कम चुनौती थिएन । पढाईमा राम्रो अङ्क ल्याएकै कारण पीडा खेपेका सयौं डाक्टर, ईन्जिनियर, ओभरसियरहरुसाक्षी पात्र हुनुहुन्छ । गाली, दुर्व्यवहार मात्र होइन, ग्याङ्ग फाइटबाट मरणासन्न हुने गरी पिटिनु, ज्यान जोगाउन रातरात पढाई छाडेर घर फर्किनेहरु पनि कम छैनन् । मधेशबाट उच्च शिक्षा अध्ययन गर्न बाहिर गएका विद्यार्थीहरुले अपमानित भएर पनि लक्ष्य हासिल गर्नेहरु धेरै छन् ।

यस्तै मधेशी भएर परीक्षामा टपर भएकै कारण पटक पटक अपमानित हुनेहरुमध्येका एक हुनुहुन्छ डा. चन्द्रकान्त राउत अर्थात डा. सिके राउत । काठमाण्डौंमा अध्ययरत रहँदा भोग्नु भएको पीडाको विषयमा वहाँले 'वैरागदेखि बचावसम्म' आत्मकथामा उल्लेख गर्नु भएको छ । डा. राउत त प्रतिनिधि पात्र मात्र हुनुहुन्छ । वहाँभन्दा पनि असह्य पीडा झेल्नै पात्रहरु जिल्लामै धेरै छन् ।

जतिबेला ती विद्यार्थीहरुलाई अपमानको पीडा असह्य हुन्थ्यो । तब महशुष गर्दथे कि काश मधेशमै डाक्टरी-ईन्जिनियरङ्ग पढ्ने कलेज भई दिएको भए यति अपमानित हुनु पर्ने थिएन नि ! मधेशमै विश्वविद्यालय भईदिएको भए हुन्थ्यो नि ! अनि मधेशबाट चुनाव जितेर जाने नेताहरुलाई सम्झेर धिक्कार भन्दै मन अमिलो मन शान्त पार्ने गर्दथे । हो, सप्तरी जिल्लाले सयौं नेता जन्माए । दर्जनौं नेता मन्त्री पनि बने । तर कसैले पनि यस्ता पीडाहरुलाई बुझ्ने कोशिष गरेन ।

काँग्रेस, एमाले लगायतका पार्टीहरुले सधैं मधेशी जनताकै भोंट लिएर मधेशी जनतामाथि उत्पीडन गर्ने कार्यलाई निरन्तरता दिईरहनुभयो । हाम्रा पिता पुर्खाहरुले ती पार्टीहरुको झण्डा र झोला बोकिरहनु भो । नेताज्यूहरुले हाम्रा र भावी सन्ततीका लागि सोची दिनुहुने छ भनी आशमा त्यही कांग्रेस कम्युनिष्टको झोला बोक्दा बोक्दै संसारबाट विलिन हुनुभयो । ती पार्टीहरुको झोला बोक्दै हाम्रा बाबु बाजेको काँध खिईसकेको छ तर अझैं पनि मोह टुटेको छैन । अझैं दलित एवम् विपन्न वर्गलाई हतकण्डा बनाएर वहाँहरु भोट बटुल्ने दाउमा हुनुहुन्छ । हाम्रा पिता पुर्खाहरुको जीन्दगी त्यसै बित्यो, के हामी पनि गुलामीको जञ्जीरलाई नासोको रुपमा बोकी रहने हो ?

कालो वर्णका धोती कुर्ता लगाउने मधेशी समुदायमाथिको चरमउत्पीडन विरुद्ध हाम्रा सचेत पुर्खाहरुले आवाज उठाउँदै आउनुभएको छ । दशकौंदेखि मधेशको भोंटमा मौज गर्ने पार्टी र नेताहरुले सोचिदिएको भए शायद २०६२/०६३ को जनआन्दोलन पछि पनि उपेन्द्र यादवको नेतृत्वमा आन्दोलन गर्नुपर्ने अवस्था आउने थिएन ।न्याय, समानता र स्वाभिमानका लागि आवाज उठाउँदा कैयौं मधेशी जनताले चरम यातना मात्र नभई हत्यासम्म गरिएको थुप्रै घटनाहरु ताजै छन् । रघुनाथ ठाकुर, रामराजा प्रसाद सिंह, गजेन्द्रनारायण सिंह, उपेन्द्र यादव लगायतका योद्धाहरुले उठाएका विद्रोहका आवाजहरुका कारण भीषण मधेश आन्दोलनको रुप लिन पुग्यो ।

तत्कालीन मधेशी जन अधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा सचेत नेताहरुले नेपालको अन्तरिम संविधान जलाउने हिम्मत जुटाउनु भो । मधेश आन्दोलनका नेतृत्वकर्ता उपेन्द्र यादवको नेतृत्वमा भएको आन्दोलनले नै मधेशी जनताको पहिचान र स्वाभिमान स्थापित भएको कुरालाई नकार्न मिल्दैन । आज लोकसेवा लगायतका निकायहरुमा मधेशी, दलित, अल्पसङ्ख्यकको कोटा सुनिश्चिता, सङ्घीय संरचनामा राजनीतिमा सुनिश्चितता, केन्द्रिकृत शासन सत्तालाई विकेन्द्रिकृत गर्नु, बजेटको सुनिश्चितता, विकासको लहर गाउँसम्म जानुमा निश्चय मधेश आन्दोलनको सफलताको कडीको रुपमा लिन सकिन्छ ।

मलाई याद छ त्यतिबेला काठमाण्डौ पुग्ने जो कोहीलाई पनि छालाको रङ्ग हेरेर त्यहाँका आफुलाई रैथाने भनाउँदाहरुले 'फोरम' भन्ने गर्दथ्यो । कुनै पनि पार्टीको किन नहोस् । टुटफुटको पीडा खेप्दै मधेशी जनताको पहिचान र स्वाभिमानका लागि सङ्घर्षरत अटल योद्धा उपेन्द्र यादव अझैं पनि मैदानमा हुनुहुन्छ । वहाँ थाक्नु भएको छैन, वहाँ हार्नु भएको छैन । स्पष्ट भिजनका साथ वहाँ समाजवादको यात्रामा हुनुहुन्छ । यसो भनिरहदा मैले वहाँको प्रशंसा गरेको होइन । दलित, अल्पसंख्यक, मुस्लिम, पिछडावर्गका लागि वहाँद्वारा गरिएका प्रयास र परिणामले धेरै कुरा प्रष्ट पारिसकेको छ ।

२०७४ सालको निर्वाचनमा उपेन्द्र यादव जब सप्तरीबाट चुनाव लड्नु भो । मधेश आन्दोलनका प्रणेता भनेर चिनिनु भएका वहाँको विषयमा थरीथरीका अपवाहहरु फैलाईयो । नियोजित रुपमा जातीय नाराहरु पनि लगाईयो । तर आलोचनै आलोचनाका बीच व्यापक मतान्तरले वहाँ चुनाव जित्नु भयो । मलाई पनि त्यतिबेला लागेको थियो कि अरु नेताहरु जस्तै वहाँले पनि सप्तरीवासीलाई ठग्नु हुन्छ कि ? किनभने हालसम्म सप्तरीबाट सांसद तथा मन्त्री भएकाहरुले सप्तरीबासीका लागि कुनै ठोस र दूरगामी काम गर्न सकेको छैन भन्दा पनि हुन्छ ।

शुरुमा अन्य नेताहरु जस्तै वहाँलाई हेर्ने दृष्टिकोण थियो । तर लगभग एक दशकको पत्रकारिता यात्राका क्रममा तथा कतिपय व्यक्तिगत भेंटघाटका क्रममा बुझ्दै गएँ । मधेशी, दलित, आदिवासी, महिला जनजाती एवम् अल्पसङ्ख्यकका सवालमै मैले स्पष्ट भिजन वहाँमा पाएँ । सामान्य जीवनशैली, कम बोल्ने, तर्कपूर्ण, गम्भीर चिन्तन अनि दूरगामी सोच भएको नेताको रुपमा चिन्न थालेँ ।

सप्तरीको संसदीय क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित मा. उपेन्द्र यादवले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत

*बाँकी तीन पृष्ठमा*

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

### अरुले आश्वासन...

निर्वाचन क्षेत्रको सम्पूर्ण बजेट अर्थात चार करोड गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा नर्सिङ्ग कलेजमा खर्च गर्ने निर्णय गर्नुभयो । उक्त कार्यक्रममाजिल्लाका सम्पूर्ण सांसदहरुले समर्थन जनाउनुभयो । आज नर्सिङ्ग कलेजको भवन निर्माण पुरा भएको देख्दा त्यतिबेलाका विद्यार्थीहरुले भोग्ने गरेको पीडा सम्झिन्छु ।

सरकारी नर्सिङ्ग कलेजमा सप्तरीका छोरीहरुले जिल्लामै नर्सिङ्ग लगायतका विषयहरु पढ्न पाउने सुखद् दिन आएको छ । सप्तरीमा निजी प्राविधिक कलेजहरु खुल्नु अघि हाम्रा छोरीहरु बाहिर अर्थात कोशौं दूर सहरमा कोठा भाडामा लिएर वा होस्टेलमा बस्नुपर्ने बाध्यता थियो । कतिपय छोरीले त चाहेर पनि पढ्नबाट बञ्चित हुनु परेको दुःखद भोगाईका साक्षी पात्र धेरै छन् । राजविराजमा नर्सिङ्ग कलेजले शिक्षा क्षेत्रमा आमूल परिवर्तनको शुरुवाती चरणको खुड्किलोको रुपमा लिएको छु । चाँडै पठन-पाठन सञ्चालनका लागि सबै पक्षबाट सकारात्मक सहयोगको खाँचो छ । अब हाम्रो समाजका छोरीहरु जिल्लामै अर्थात गाउँमै रहेर घरकै रुखो खाएर पढ्न पाउने अवस्था श्रृजना भएको छ ।

मा. उपेन्द्र यादवले दोस्रो वर्षको बजेट राजविराज स्थित महेन्द्र बिन्देश्वरी बहुमुखि क्याम्पसमा इन्जिनियरिङ्ग कलेज भवन निर्माणका लागि विनियोजन गर्नुभयो । अर्थात कलेजको भवन निर्माणका लागि ६ करोड रुपैयाँ विनियोजन गर्नु भयो । यस कार्यका लागि जिल्लाका मा. चन्द्रकान्त चौधरी लगायतका सांसद तथा स्थानीय तहका तत्कालिन प्रमुखहरु समेत धन्यवादका पात्र हुनुहुन्छ । उक्त भवनको निर्माण कार्य यतिबेला अन्तिम चरणमा पुगेको छ ।

राजविराजमै इन्जिनियरिङ्ग कलेज सञ्चालनमा आएपछि शायद त्यतिबेला आफ्नै देशका कलेजकरुमा पढ्दा अपमानित भएकाहरु तथा ईन्जिनियर बन्ने सपना पुरा गर्न नसकेकाहरुले अब आफ्ना छोराछोरी राजविराजमै इन्जिनियरिङ्ग कलेजमा पढाउन पाउँदा खुशीको अनुभूती गर्नुहुनेछ । यहाँका विद्यार्थीहरुले जिल्लामै ईन्जिनियरिङ्ग पढ्न पाउनु जिल्लावासीका लागि पनि गौरवमय क्षण हुनेछ । कलेज सञ्चालन हुने समय पनि दूर छैन । यसका लागि म सप्तरीका एक सचेत युवाको नाताले वहाँलाई धन्यवाद दिन चाहन्छु । किनभने राम्रो कामलाई राम्रो र गलत कामलाई गलत भन्ने आँट ममा छ ।

यसैगरी तेस्रो वर्षको बजेट पनि वहाँले शिक्षामै खर्चिनु भयो । वहाँले शहर बजार मात्र होइन, गाउँगाउँमा गुणस्तरीय शिक्षाको ज्योती पुर्‍याउनुपर्छ भने उद्देश्यका साथ निर्वाचन क्षेत्रकै तीन ओटा विद्यालयमा सम्पूर्ण बजेट खन्याई दिनुभयो । त्यतिबेला वहाँमाथि आफ्नै पार्टीका नेता तथा कार्यकर्ताहरु असन्तुष्ट हुनुहुन्थ्यो । सानातीना योजनाहरु दिएर बजेट दुरुपयोग हुनु भन्दा ठोस काम गर्नुपर्छ भने उद्देश्यका साथ मिशन शिक्षा बनाउनुभयो ।

माध्यमिक विद्यालय बथनाहा गाउँपालिकामा आठ कोठाको भवन निर्माणमा १ करोड ४० लाख, पब्लिक माध्यमिक विद्यालय लौनियाँमा६ कोठे भवन निर्माणमा १ करोड ३० लाख, राजेन्द्र देवकी माध्यमिक विद्यालय तिलाठी कोइलाडीमा ६ कोठे भवन निर्माणका लागि १ करोड ३० लाख विनियोजन गर्नुभयो । आज उक्त रकमबाट विद्यालयहरुमा भवन निर्माण कार्य अगाडि बढेको छ । गाम देहातका विद्यालयहरुलाई भौतिक पूर्वाधार सम्पन्न बनाई शिक्षामा आमूल रुपान्तरण गर्ने मा. उपेन्द्र यादवको सोच साँच्चिकै सराहनीय रहेको छ ।

यतिले पनि वहाँको मनले मानेन । नेपाल सरकारको उप प्रधान एवम् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री हुँदा राजविराज नगरपालिकाको बिरौलमा पहिलो गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहको नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने सङ्कल्प लिनुभयो । सरकारले तत्कालिन प्रदेश २ को बर्दिबासमा मेडिकल कलेज बनाउने निर्णय गरेको थियो । त्यतिबेलाका शिक्षामन्त्री गिरीराजमणी पोखरेलले बर्दिबास लगेरै छाड्नुभयो । हठी स्वाभावका मा. उपेन्द्र यादवले छुट्टै प्रतिष्ठान बनाउने कसरतमा जुट्नु भो ।

जग्गा लिजमा लिएर प्रक्रियाहरु अगाडि बढाई गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा प्रतिष्ठानको कार्यालय समेत स्थापना गराउनुभयो । प्रतिष्ठानलाई सवारी साधन समेत दिएर कार्यकारी निर्देशकमा डा. सञ्जय ठाकुरलाई प्रतिष्ठानको कार्यालयमा पठाउनुभयो । प्रतिष्ठान बनाउने विषयमा निक्कै आलोचना तथा बहसहरु चलिरह्यो । सरकारमा रहँदा उक्त विषयलाई लिएर वहाँ अपमानित पनि हुनुभो । तर वहाँले प्रतिष्ठानलाई मिशनको रुपमा लिनुभयो । बिरौलमा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास भईसकेको छ । हालै मात्र प्रतिष्ठानको डिपीआरको सम्झौता पनि सम्पन्न भएको छ ।

प्रतिष्ठान सञ्चालनमा आएपछि सप्तरी मात्र होइन, आसपासका जिल्लाहरुका लागि समेत वरदान नै सावित हुनेछ । डाक्टरीको पढाई हुनुका साथै त्यस सम्बन्धी रिसर्चहरु समेत हुनेछन् । यहाँका विद्यार्थीहरुले डाक्टरी समेत आफ्नै जिल्लामा रहेर पढ्न पाउने छन् । अन्यत्र दुःख पीडा र अपमानित भएकाहरुले आफ्ना छोराछोरीलाई आफ्नै भूमीमा डाक्टरी पढ्न पाएको देख्दा निश्चय नै अभिभावकहरुलाई सन्तुष्टी मिल्नेछ ।

यतिमात्र होइन, त्यस क्षेत्रमा हज्जारौले रोजगारी पाउने छन् । धरान, बिराटनगर, काठमाण्डौ, भारतको दरभङ्गा, पटना लगायतका सहरहरु तथा जिल्लाकै निजी अस्पतालहरुमा महँगो उपचारबाट सर्वसाधारण जनताले मुक्ति पाउने छन् । वहाँको दूरगामी सोचले गर्दा प्रतिष्ठानको कार्य अगाडि बढेको छ ।

यतिमात्र कहाँ हो र ? गजेन्द्रनारायण सिंह अस्पतालमा थप तीन सय शैय्याको अस्पताल बनाउन वहाँले गर्नुभएको योगदानको जति प्रशंसा गरे पनि कमै होला । छुट्टा छुट्टै वार्डका लागि भवनहरु, आवास, अत्याधुनिक उपकरणहरु साथै अत्याधुनिक सेवाहरु सञ्चालन गर्न योगदान दिएर सप्तरीवासीलाई ठूलो गुण लगाउनुभएको छ । अब रेफरल अस्पताल हैन देशकै नमूना अस्पताल बन्ने बाटोमा गजेन्द्रनारायण सिंह अस्पताल अग्रसर भएको छ । वहाँ स्वास्थ्यमन्त्री हुँदा अस्पतालकै इतिहासमा डाक्टरहरुको सङ्ख्या ३६ पुगेको थियो ।सधैं उपेक्षाको शिकार रहँदैआएको गजेन्द्रनारायण सिंह अस्पतालले मुहार फेर्दै जानुलाई सच्चा सप्तरीवासीले धन्यवाद नदिई रहन सक्दैन ।

यस अतिरिक्त अस्पताललाई एम्बुलेन्स, सवारी साधन समेत उपलब्ध गराउनुभएको मलाई ज्ञात छ । तिलाठी कोइलाडी, छिन्नमस्ता र महदेवा गाउँपालिकामा समेत एम्बुलेन्स उपलब्ध गराउनुभयो । सप्तरीलाई बदल्न वहाँका सकारात्मक सोच पाइलाहरु अझैं रोकिएको छैन ।मधेशलाई कृषिको उर्वर भूमि मानिन्छ तर एउटा पनि कृषि सम्बन्धी शिक्षण संस्था थिएन । वहाँकै पहलमा सप्तरीमै कृषि विद्यालय स्थापना गरिएको छ । कार्यालय सञ्चालनमा समेत ल्याई प्रक्रियाहरु अगाडि बढेको छ । अब त यहाँ कर्णधारहरुले आफ्नै जन्मथलोमा कृषिमा विद्यावारिधीसम्मको अध्ययन अनुसन्धान गर्न पाउनेछन् । अब सप्तरीका युवाहरु अध्ययनकै लागि बाहिर जानुपर्ने दिन विस्तारै अन्त्य हुँदैछ । देशका अन्य जिल्लाहरुबाट अध्ययन अनुसन्धानका लागि आउनुपर्ने गौरवमय दिन सप्तरीवासीका लागि आउँदैछ । बाहिरबाट आउनेहरुलाई सप्तरीमा उचित माहोल दिएर टिकाउने जिम्मा हामी सबैको हो ।

मा. उपेन्द्र यादवका सपना र सोचहरु थुप्रै छन् । वहाँ कम बोल्नु हुन्छ तर परिणाममुखि काम गर्न रुचाउनुहुन्छ । वहाँको पहलमा भएका दर्जनौं कार्यहरु छन्, यहाँ लेख्न साध्य पनि छैन ।फेसबुके बकम्फुसे कुराहरुले सामाजिक सञ्जाल तातिरहँदा र त्यसमा सचेत जमातले पनि वास्तविकता नै नबुझी हो मा हो मिलाई रहेको देख्दा कताकता राम्रा काम गर्न चाहनेहरुलाई निरुत्साहित पारिरहेको हुन्छ । सप्तरीमा जतिसुकै राम्रो काम गरे पनिसही र गलत छुट्याउने आँट गरेनौं भने हामी आफ्नो प्रगतिको बाधक आफैं बनिरहने छौं ।

हुन त आज म पत्रकारिता पेशामा छु । तर त्यतिबेला सप्तरीमै ईन्जिनियररिङ्ग कलेज भएको भए शायद मेरा बाआमाले मलाई दुःख सहेर पनि ईन्जिनियरिङ्ग पढाउनु हुन्थ्यो । तर त्यो सपना भने पुरा हुन सकेन । म जस्ता सचेत युवाले अब साँच्चिकै गम्भीरतापूर्वक सोच विचार गर्ने पर्दछ । झुठा आश्वासन र भाषणमा हामी विश्वास गर्दैन । कुनै पनि प्रलोभनमा पर्दैनौं ।

हालसम्म सप्तरीबाट दर्जनौ मन्त्रीहरु भए तर यसरी मिशन रुपमा दूरगामी सोचका साथ सप्तरीलाई बदल्ने आँट कसैले गरेको छैन भनिरहँदा मलाई रतिभर संकोच छैन । मन्त्रीज्यूहरुको नाम म भन्न उपयुक्त ठान्दिन । अन्य क्षेत्रको कुरा छाडौं । शिक्षा क्षेत्रमा मात्रै पनि कसैले वहाँ जतिको काम गर्नुभएको छैन । छ भने जिल्लाका सचेत एवम् बौद्धिक जमातका बीच समिक्षा गरियोस् ।सडक सञ्जाल लगायत वहाँले गर्नुभएका थुप्रै कामहरु छन् । त्यस विषयमा आज चर्चा गर्दिन ।

असल काम गरेकाहरुलाई सच्चा मनले प्रोत्साहन गर्‍योसप्तरीको मुहार फेर्न अब धेरै वर्ष कुर्नु पर्दैन । विरोधका लागि विरोध नहोस् । पार्टी पार्टीकै नाममा विरोध नहोस् । मा.उपेन्द्र यादव जस्ता मधेशका सच्चा भिजिनरी व्यक्तित्वलाई सप्तरीवासीको साथ र सहकार्य आवश्यक छ । वहाँ जतिको भिजन र त्यो कदका राष्ट्रिय नेताला‌ईहामी विरोधका लागि विरोध गरिरहयौं भने आफु मात्र होइन, भावी सन्ततीका लागि त्यो भन्दा दुःखद् केही हुनेछैन ।

हामी सप्तरीवासी पार्टीको सङकिर्ण सोचबाट माथि उठेर सोचौं । निष्पक्ष र निर्मम रुपमा समिक्षा गरौं । जोसुकैले गर्ने सकारात्मक कार्यहरुमा हामी सप्तरीवासीको सहयोग र समर्थन आवश्यक छ । क्षमतावान युवा विद्यार्थीहरु डाक्टर, ईन्जिनियर, ओभरसियर, नर्सिङ्ग, कृषि सम्बन्धी अध्ययन अनुसन्धान र उपचारका लागि महँगो शुल्क तिरेर अन्यत्र भौतारिनु पर्ने अवस्थाको अन्त्य हामी सबै मिलेर गर्नुपर्दछ । तेरो र मेरो गर्न छाडेर सप्तरीलाई माया गर्नेहरु अब जिल्लाको समग्र विकासका लागि हातेमालो गरौं । अब हाम्रो कदम मात्र परिवर्तनका लागि हुनु जरुरी छ । *(लेखक राम, मधेश लाइभ डट्कमका कार्यकारी सम्पादक हुनुहुन्छ ।*

*साभार : मधेश लाइभ डटकम*

## विश्व समाचार

### अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पको फ्लोरिडास्थित निवासमा एफबीआईको छापा

वासिङटन, २४ साउन (रासस/सिन्ह्वा) ।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको फ्लोरिडास्थित आफ्नो निवासमा एफबीआईले छापा मारेको एक समाचारमा जनाइएको छ ।

विभिन्न अन्तरराष्ट्रिय समाचार संस्थाले अमेरिकाका पूर्वराष्ट्रपति ट्रम्पले आफ्नो बयानमा ठूलो संख्यामा एफबीआईका एजेन्ट आएर आफ्नो निवासमा छापा मारेको बताएको जनाएका छन् ।

पूर्वराष्ट्रपति ट्रम्पले फ्लोरिडाको मार ए लागो रिसोर्टमा एफबिआइका एजेन्ट आएर छापा मारेको जनाएको समाचारमा उल्लेख गरिएको छ ।

उनीहरुले उहाँको त्यहाँस्थित घरलाई नै नियन्त्रणमा लिएका छन् । एफबीआईको यो छापा उहाँ अमेरिकाको राष्ट्रपति हुँदा गरेका कतिपय कार्यका बारेमा अनुसन्धान गर्न सरकारी कागजात नियन्त्रणमा लिनका लागि गरिएको बताइएको छ ।

साथै गत वर्ष अमेरिकी संसद् भवनमा भएको हिंसाको पनि अनुसन्धान थालिएकोले त्यस विषयका लागि पनि यो छापामा मारिएको अनुमान गरिएको छ ।

यस विषयमा संसदीय छानबिन जारी रहेको छ । एफबीआईले ट्रम्पको फ्लोरिडास्थित निवासमा छापा मार्दा पूर्वअमेरिकी राष्ट्रपति न्युयोर्कको ट्रम्प टावरमा रहेका बताइएको छ ।

### भारतमा तेह्र हजारभन्दा कम कोरोना सङ्क्रमित

नयाँदिल्ली, २४ साउन (रासस/सिन्ह्वा) ।

भारतमा एक दिनमा १३ हजारभन्दा कम कोरोना भाइरस सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १२ हजार ७५१ नयाँ सङ्क्रमित भएका हुन् । हिजो प्रकाशित तथ्याङ्कअनुसार आइतबार यहाँ १६ हजार १६७ व्यक्ति सङ्क्रमित भएका थिए ।

यसैसँगै भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या चार करोड ४१ लाख ७४ हजार ६५० सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमबार सार्वजनिक गरेको छ । भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख ३१ हजार ८०७ रहेको छ ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ४२ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २६ हजार सात सय ७२ व्यक्तिको मृत्यु भइसकेको छ । यहाँ कूल चार करोड ३५ लाखभन्दा बढी कोरोनामुक्त भएका छन् ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म दुई अर्ब छ करोड ५७ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ ।

भारतमा कोरोना सुरु भएयता हालसमम ८७ करोड ८० लाखभन्दा बढीको कारोना भाइरस परीक्षण भएको जनाइएको छ ।

### इथियोपियाका खडेरी पीडितलाई सहायता उपलब्ध गराइने

संयुक्त राष्ट्रसङ्घ, २४ साउन (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घले इथियोपियाका खडेरी प्रभावितलाई मानवीय सहयताको खाँचो रहेकाले खाद्य उपलब्ध गराइने जनाएको छ ।

महासचिव एन्टोनियो गुटरेसका प्रवक्ताका अनुसार संयुक्त राष्ट्रसङ्घले मानवीय सहायता निकायलाई खडेरीबाट पीडित भएका एक करोड ६० लाख र बाढी प्रभावित १७ लाख इथियोपियालीलाई सहयोग गर्न आह्वान गरिएको छ ।

यहाँ गएको ४० वर्षयताकै सबैभन्दा खराबरुपमा खडेरी परेको पाइएको छ । यसबाट धेरैभन्दा धेरै नागरिक मानवीय सहायताको खाँचोमा परेका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकले यहाँको खडेरी इतिहासकै सबैभन्दा खराब प्रकृतिको रहेको भन्दै यसबाट यहाँका लाखौं मानिस विस्थापित भएका बताउनुभएको छ ।

उहाँले यो खडेरीका कारण यहाँका करिब ३५ लाख पशु चौपायासमेत मरेका जानकारी दिनुभएको छ । संयुक्त राष्ट्रसङ्घको मानवीय सहयातासम्बन्धी एजेन्सीलाई उद्धृत गर्दै उहाँले जनाएअनुसार यहाँका खडेरी पीडितमध्ये अधिकांशले खाद्यान्नको अभाव झेल्नुपरेको छ ।

साथै यहाँका बालबालिका तथा महिलाले आवश्यक पोषणको अभावमा विभिन्न प्रकृतिका रोगबाट झेल्नुपरेको पाइएको संयुक्त राष्ट्रसङ्घीय सो निकायले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घले यहाँ एकातर्फ खडेरीले मानिसमा यस्तो असर गरेको र अर्कातर्फ बाढीका कारण पनि धेरै नागरिकको ज्यान गएको र विस्थापित हुनुपरेको जनाएको छ ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# स्थानीय शासन सम्बन्धी सात बुँदे घोषणापत्र जारि



**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

युवा तथा किशोरकिशोरी मैत्री स्थानीय शासन सम्बन्धी सम्पन्न तीन दिने तालिमबाट सात बुँदे घोषणापत्र जारि गरिएको छ ।

सप्तरीको कञ्चनरूप नगरपालिका मेयर ललन प्रसाद गुप्तालाई तालिममा सहभागिहरुबीच छलफल पश्चात् तयार पारिएको ७ बुँदे घोषणापत्र बुझाउदै तालिम सम्पन्न भएको हो ।

तालिममा युवाहरूले युवा तथा किशोरकिशोरी मैत्री स्थानीय शासन प्रबर्द्धन कसरी गर्ने भन्ने बारेमा सिकेका थिए । तालिमका लागि प्रत्येक प्रदेशबाट एउटा स्थानीय तह छनोट गर्ने कार्यक्रम बमोजिम मधेश प्रदेशबाट कञ्चनरूप नगरपालिका छनोट भएको हो ।

कञ्चनरूप नगरपालिकामा आयोजना भएको उक्त तालिमको उद्घाटन र समापन कार्यक्रममा नगरपालिकाका मेयर ललनप्रसाद गुप्ता, निमित्त प्रमुख प्रशासकीय अधिकृत दिवाकान्त, कार्यपालिका सदस्य, वडा अध्यक्ष, विषयगत समिति, सवालगत संरचना, अपाङ्ग, किशोरी, युवा उद्यमी, कृषक, निजी क्षेत्र, नागरिक संघ संस्था, बाल क्लबका पूर्व सदस्य, सञ्चारकर्मी युवा, अधिकारकर्मी लगायतका सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा उपस्थित सहभागीहरूले कञ्चनरूप नगरपालिकालाई युवामैत्री स्थानीय तहका रुपमा अवलम्बन, कार्यान्वयन र घोषणा गर्नका लागि कार्ययोजना तयार गर्दै सबै सहभागीहरूले आआफ्नो व्यक्तिगत र संस्थागत रुपमा योगदान पुर्याउँदै युवामैत्री कञ्चनरूप नगरपालिकाका लागि घोषणापत्र सार्वजनिक गर्दै घोषणापत्रमा उल्लेख बुँदाहरू कार्यन्वयनका लागी सबै क्षेत्रका सरोकारवालाबाट सहयोगको लागी अपेक्षा गरिएको छ ।

देशका ७ सय ५३ वटै स्थानीय तहहरुमा युवामैत्री स्थानीय शासनलाई अवलम्बन, कार्यान्वयन र घोषणाले नीति, निर्माण र कार्यान्वयनमा युवाहरूको अर्थपूर्ण सहभागिता, नेतृत्व विकास, विशेष वर्ग, यौनीक तथा लैङ्गिक अल्पसङख्यक तथा अन्य सिमान्तकृत समुदायका युवाहरुका सवालहरुको प्राथमिकता लगायतका युवासँग सम्बन्धित साझा सवालहरुको युवाहरु कै नेतृत्वको साथ सम्वोधन गर्न सहयोग पुग्दछ ।

# अनेकि महासंघको जिल्ला अधिवेशन सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

नेकपा एकीकृत समाजवादी निकट अखिल नेपाल किसान महासंघको सप्तरी जिल्ला अधिवेशन मंगलबार सम्पन्न भएको छ ।



अनेकि महासंघका केन्द्रिय सदस्य नरसिंह प्रसाद चौधरीको अध्यक्षता, नेकपा एकीकृत समाजवादीका स्थायी कमिटि सदस्य रामप्रित पासवानको प्रमुख आतिथ्य, पार्टीका पोलिटब्यूरो सदस्य एवं किसान महासंघका उपाध्यक्ष रामचन्द्र साह तथा पार्टीका केन्द्रिय सदस्य गोबिन्द न्यौपानेको विशिष्ट आतिथ्यमा सम्पन्न जिल्ला अधिवेशनमा किसानहरुका समस्याको समाधानका लागि स्थायी रुपमा निकास निकाल्नु पर्नेमा जोड दिइएको थियो ।

सो अवसरमा अनेकि महासंघ पर्साका अध्यक्ष किशोरी कुशवाहा, पार्टीका बुद्धिजिवि संगठनका नथुनी दास, अनिलकुमार अनल, महेन्द्र नारायण यादव, शम्भु कुमार यादव, शत्रुधन प्रसाद साह आजाद, अनिल गुप्ता, देवकान्त चौधरीलगायतले किसानहरुको समस्या बारे चर्चा गर्दै अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए ।

यसैबीच अधिवेशनबाट सत्यनारायण यादवको अध्यक्षतामा १६ सदस्यीय जिल्ला समिति गठन गरिएको जनाइएको छ ।

## साइकलबाट बाबा...

छन् ।

मैथिली भाषा, कला र संस्कृतीको प्रचार प्रसार तथा संरक्षणका विषयमा सन्देश दिने उद्देश्यले छिन्नमस्ता गाउँपालिकास्थित भोलाबाबा र छिन्नमस्ता भगवती मन्दिर तथा राजविराजस्थित राजदेवी मन्दिरमा समेत पुजापाठ गरी ३ सय ३८ किलो मिटरको बाबाधाम यात्राका लागी प्रस्थान गरेका हुन ।

साइकल यात्रीको उक्त टोलीमा १६ वर्षिय किशोर सरोज रामदेखी ७२ वर्षिय बृद्ध नारायण यादव सम्म सहभागी छन् । मिथिला बोलबम अभियानमा निस्केको साइकल यात्रुको टोली १० दिनमा भारत बिहार राज्यको झारखण्डस्थित प्रसिद्ध देवघर मन्दिरमा पुग्ने अनुमान गरिएको अभियानकी आयोजक मिथिला साहित्य कला प्रतिष्ठान सप्तरीकी अध्यक्ष रमिला साहले बताइन ।

साइकल यात्रामा सहभागी प्रतिष्ठानका सहसचिव सुभाष विरपुरियाले दैनिक ४० देखी ४५ किलोमिटरका दरले बाटो तय गर्ने बताए । यात्राका क्रममा ठाउँ ठाउमा मैथिली भाषा, कला, संस्कृती र साहित्य बारे जनजागरणका कार्यक्रम पनि गर्ने उनले बताए ।

उक्त अभियानको प्रायोजक काठमाण्डौस्थित लक्की ज्वेलर्स रहेका छन भने छिन्नमस्ता गाउपालिकाले समन्वय गरेको उनले बताए ।

साइकल यात्रामा निस्केका यात्रीहरुका लागी प्रतिष्ठानकी अध्यक्ष साह, वडाअध्यक्ष ललन प्रसाद यादव, समाजसेवी फुलो देवी यादव लगायतले बोलबम पोशाक, प्राथमिक स्वास्थ्य उपचारका लागी औषधी लगायतका समाग्री उपलब्ध गराएका छन् ।

राजदेवी मन्दिरबाट साइकल यात्रामा निक्केका टोलीलाइ प्रतिष्ठानकी अध्यक्ष साह, मैथिली साहित्य परिषदका पुर्व अध्यक्ष देवेन्द्र मिश्र लगायतले विदाई गरेका थिए ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*